# मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड

**घट्टे खोला साना जलविद्युत आयोजना (५ मे.वा.)**

बिक्रम सम्बत २०८३ भाद्र १७ गते बुधबारका दिन क्वालिटी ब्याङ्क्वेट बुद्धनगर -१०, नयाँ बानेश्वर, काठमाण्डौमा सम्पन्न भएको छैठौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका ।

**१.पृष्ठभूमी**

मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडको छैठौं वार्षिक साधारण सभा मिति २०८३ भाद्र १७ गते बुधबारका दिन क्वालिटी ब्याङ्क्वेट बुद्धनगर- १०, नयाँ बानेश्वर, काठमाण्डौमा सम्पन्न भएको थियो। संचालक समितिका सदस्यहरु तोकिएको सभा कक्षमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो। सभा संचालकले साधारण सभामा सहभागी हुन उपस्थित संचालक समितिका अध्यक्ष, सदस्यहरु, कम्पनीका पदाधिकारीहरु सभामा सहभागी भएका शेयरधनीहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै सबैलाई छैठौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भएको थियो। कम्पनीको साधारण सभा रितपुर्वक बोलाइएको र सभालाई अगाडि बढाउनका लागि आवश्यक पर्ने गणपुरक संख्या पुगेको बारे सभा संचालकले सभालाई जानकारी गराउनु भएको थियो। साधारण सभाको अध्यक्षता कम्पनीको संचालक अध्यक्ष श्री राधेश्याम, खड्काज्यूले गर्नुभएको थियो। अध्यक्षज्यूको अनुमति र शेयरधनीहरुको सहमती पश्चात् सभा सञ्चालन भएको थियो। साधारण सभामा अध्यक्षज्यूले आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। तत्पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु उपर छलफल गरी निर्णय भएको थियो। साधारण सभा बिहानको ०८:३० बजे शुरु भई निर्धारित बिषय सूची अनुसारका विषयमा छलफल तथा निर्णय गरी दिनको ११:०५ बजे समापन भएको थियो ।

**(क) सभाको सूचना तथा प्रकाशन:**

(अ) छैठौं वार्षिक साधारण सभाको सूचना, २०८३ साल आषाढ मसान्तको वासलात र आ.व.२०८२/०८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको आर्थिक विवरण र वार्षिक प्रतिवेदन कम्पनीको वेभसाइटमा राखी सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

(आ) छैठौं वार्षिक साधारण सभाको सूचना कम्पनीको वेभसाइटमा र मिति २०८३/०४/२४ र २०८३/०४/२७ गते गरी दुई चोटी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो।

**(ख) उपस्थिति:**

**अ. संचालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| श्री राधेश्याम खड्का | अध्यक्ष | प्रतिनिधि, संस्थापक |
| श्री रामहरी बजगाई | संचालक | प्रतिनिधि, संस्थापक |
| श्री वाल कुमार बास्तोला | संचालक | प्रतिनिधि,सर्वसाधरण |
| श्री कर्ण बहादुर बिष्ट | संचालक | प्रतिनिधि,स्वतन्त्र |

**आ. पदाधिकारीको उपस्थिति:**

| | |
|---|---|
| १) निर्मल न्यौपाने | प्रमुख कार्यकारी अधिकृत |

२) श्री कमल कुमार भारती कानुनी सल्लाहकार

**इ. शेयरधनीहरुको उपस्थितिः**

१. स्वंम उपस्थिति ९६ जना (संस्थागत शेयरधनीको प्रतिनिधि समेत)

२. प्रतिनिधिद्वारा उपस्थित २४१ जना

**(ग) सभामा छलफलका लागि प्रस्ताव गरिएको विषयहरुः**

साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियोः

**क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट आं.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।

२. कम्पनीको लेखा परिक्षकले पेश गर्नु भएको आ.व. २०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन तथा वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम हाल लेखा परिक्षण गर्दै आइरहनु भएको श्री भरत एन एसोसिएट्सलाई आ.व. २०८३/०८४ को लेखा परीक्षकको नियुक्ति, पारिश्रमिक निर्धारण र अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरुः**

१. कम्पनीको प्रबन्धपत्र/नियमावली संशोधन गर्ने सम्बन्धमा ।

ग) विविध।

**(ग) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आबश्यक गणपुरक संख्या कम्पनीको शेयरधनीहरु वा उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या देहाय बमोजिम रहेको व्यहोरा कार्यक्रम संचालक श्री कमल कुमारी भारतीज्युबाट अवगत भई उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिंदै सभा कानुन बमोजिम बोलाइएको हुदा पुर्व सुचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर गर्नुभयो ,।

सभामा कुल चुक्ता पुंजी ८० लाख कित्ता मध्ये ४२ लाख ८२ हजार ५ सय १२ कित्ताको प्रतिनिधित्व गर्ने ३३७ जना शेयरधनीहरु मध्ये ९६ जना उपस्थित भएकोले कम्पनी ऐनको दफा ७३ तथा कम्पनी नियमावलीको नियम २३ वमोजिम वार्षिक साधारण सभाको लागी आवश्यक गणपुरक संख्याको प्रतिनिधित्व पुगेकोले कम्पनी ऐनको दफा ६९ वमोजिम यस कम्पनीको वार्षिक साधारण सभालाई बैध घोषित गरी विधिवत रुपमा सभा संचालन गर्न अध्यक्षज्यूले अनुमति दिनु भई वार्षिक साधारण सभा संचालन भयो ।

| शेयर तथा शेयरधनी | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कुल प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| शेयर संख्या | ८०,००,००० | ४,७२,००० | ३८,१०,५१२ | ४२,८२,५१२ | ५३.५३% |
| शेयरधनी संख्या | १,२०,१७० | ९६ | २४१ | ३३७ | ०.२८% |

अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछी सो प्रतिवेदन तथा उँहाहरुलाई उपलब्ध गराइएको लेखा परीक्षण प्रतिवेदन सहितको आ.व. २०८२/०८३ को आर्थिक विवरणमा (२०८३ साल अषाढ मसान्तको वासालात तथा नाफा नोक्सान, हिसाब र नगद प्रवाह अनुसूचीहरु सहितको विवरण समेत) मा आफ्नो राय सुझाब राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरुलाई अनुरोध गरिएकोमा शेयरधनीहरू श्री भेष राज भण्डारीज्यू, श्री उत्तम दत्त पाण्डेज्यू, श्री लक्ष्मण बहादुर श्रेष्ठज्यू, श्री डा. रामजी प्रसाद पण्डितज्यू, श्री सुरेन्द्र चिमौरियाज्यू, श्री युगल बस्यालज्यू लागायतले लिखित रुपमा कम्पनीको प्रगतीको लागी शुभकामना व्यक्त

गर्नुको साथै यस बिसम परिस्थीतिमा पनि नियमति वार्षिक साधरण सभा पहिलो त्रैमासीक अवधी भित्रनै आयोजना गरिएकोमा हृदय देखि नै शुभकामना व्यक्त गर्नु भएको थियो ।साथै शेयरधनी श्री जगन्नाथ आचार्यज्यू, श्री गोबिन्द के.सी.ज्यू, श्री इन्द्र प्रसाद लामिछानेज्यू, श्री सुदिप श्रेष्ठज्यू, श्री इन्द्र कृष्ण श्रेष्ठज्यू, श्री ब्रम्हदेब शाक्यज्यू, श्रीमती निरुपमा गुप्ताज्यू, श्री माधब प्रसाद सिंखडाज्यू, श्री उत्तम पाठकज्यू लगायतले कम्पनीको वित्तिय विवरण सुधारउन्मुख रहेकोमा कृतज्ञता प्रकट गर्दै कम्पनीको संचालकवर्ग साथै व्यबस्थापनवर्गलाई धन्यवाद ज्ञापन गर्नुभयो। साथै सम्पुर्ण शेयरधनीमहानुभावहरुको तर्फबाट श्री डमरु बल्लभ घिमिरेज्यूले निम्नानुसारको राए तथा सुझाब दिनु भएको थियो ।

सर्बप्रथम ऐन, नियम र सबै भन्दा चाडै बार्षिक साधारण सभा आयोजना गर्नु भएकोमा धन्यवाद । नेपालको हाल रसुवा, भोटेकोसी, नुवाकोट, धादिङ्ग लगायतका ठाँउहरुमा आएको भिषण बाढिको बिक्षडले पुराएको धनजनको क्षतीलाई सम्बोधन गर्दै अनिवार्यरुपमा संचालन गर्नुपर्ने वार्षिक साधारण सभाको अवधारणालाई परिपुर्ती गर्दै यस सभाको सुरुवात गर्नु भएकोमा संचालकहरूलाई हार्दिक धन्यबाद प्रकट गर्नुभयो । कम्पनीले यस आ.व. २०८२/०८३ मा खुद नाफा कमाउन सफल रहेको कम्पनीको वित्तिय विवरणमा स्पष्टसङ्ग देखिन सकिने र आगामी दिनहरूमा अझबडी नाफा सञ्चय गरी शेयरधनीहरुलाई लांभाश वितरण गर्नको लागी शुभकामना व्यक्त गर्नुभयो ।

**<u>छैठौं बार्षिक साधारण सभा अध्यक्षको प्रतिउत्तरः</u>**

साधारण सभामा शेयरधनीहरुले आ-आफ्नो मन्तव्य राखे काम समापन भएपछी सभा संचालकले साधारण सभाको अध्यक्ष श्री रधेश्याम खड्काज्यूलाई शेयरधनीहरुको जिज्ञासाहरुलाई स्पष्ट गरिदिन आग्रह गर्नु भयो।

**<u>छैठौं बार्षिक साधारण सभाको अध्यक्ष श्री रधेश्याम खड्काः</u>**

शेयरधनी महानुभावहरुले दिनुभएका मुल्यवान सुझाबको लागि धन्यवाद दिनु भयो। साथै उहाँहरुबाट प्राप्त सृजनात्मक सुझाबहरुलाई मनन गरि क्रमसः लागु गर्दै जाने प्रतिबद्दता पनि व्यक्त गर्नु भयो।

साथै शेयरधनी महानुभाबहरुमा थप जिज्ञासा भएमा वार्षिक प्रतिवेदनको नोट तथा टिपोटमा उल्लेख गरि यस सभामा उपस्थित कम्पनीका कर्मचारीहरुलाई उपलब्ध गराउनुहुन अनुरोध गर्नु भयो।

**<u>प्रस्ताव तथा निर्णयहरुः</u>**

विषयसुची अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न वमोजिम निणर्य गर्यो ।

**क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट सभाको अध्यक्ष श्री राधेश्याम खड्काज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा सुझाब एवं जिज्ञासाका सम्बन्धमा अध्यक्षबाट स्पष्ट पारि सकिएकोले उक्त प्रतिवेदन पारित गरियोस भनि प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्बसम्मती बाट पारित भयो।

२. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८२ साल अषाढ मसान्तको वासलात र आ.व. २०८२/०८३ को नाफा नोक्सान हिसाब नगद प्रवाह विवरणहरु साधारण सभामा शेयरधनीहरुलाई उपलब्ध गराइएको र उक्त वासालात, आ.व. २०८२/०८३ को नाफा नोक्सान हिसाब नगद प्रवाह विवरणहरु उपर छलफल भई उठेका जिज्ञासाहरुलाई स्पष्ट गर्ने कार्य पनि सकिएकोले उक्त विवरणहरु सर्व सम्मतिबाट पारित भयो।

३) कम्पनी ऐन २०६३ मा व्यबस्था भए बमोजिम हाल लेखा परिक्षण गर्दै आइरहनु भएको श्री भरत एन एसोसिएट्सलाई आ.व. २०८३/०८४ को हिसाब किताब लेखापरिक्षण गर्न लेखा परीक्षक सि. ए. भरत नेपाल (भरत एन एसोसिएट्स) लाई बाह्य लेखा परिक्षकको रुपमा नियुक्ती गर्ने र पारिश्रमिक स्वरुप रु. ३,००,०००/- (तिन लाख) कर बाहेक कायम गर्ने यस छैठौं साधारण सभाले सर्व सम्मतिबाट पारित गर्यो।

**ख) विशेष प्रस्तावहरुः**

१. कम्पनीको प्रबन्धपत्र/ नियमावली संशोधन गर्ने सम्बन्धमा साधरण सभाले संशोधनको लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गर्यो ।

साथै प्रबन्धपत्र/नियमावलीमा संशोधन गर्ने सम्बन्धमा कम्पनीको प्रबन्धपत्रको दफा ८ (ख) शेयर खरिद वा हक हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुराः

**संशोधितः**

८ (ख) शेयरधनिले हकप्रद शेयर खरिद गर्ने हक हस्तान्तरण गर्न चाहेमा निजले चाहेको व्याक्तीलाई शेयर खरिद गर्ने हक हस्तान्तरण गर्न सक्नेछ ।शेयर खरिद तथा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था कम्पनी ऐन, धितोपत्र कारोबार सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनमा उल्लेख भए वमोजिम हुनेछ ।

**ग) विविधः**

यस साधारण सभाले कम्पनीको सञ्चित नाफा अन्य व्यावसाय/ कम्पनीमा लगानीको लागी पुर्णतय अख्तियारी कम्पनीको संचालक समितिलाई प्रदान गर्ने निर्णय सर्व सम्मतिबाट पारित गर्यो ।

**साधारण सभाको समापनः**

छैठौं बार्षिक साधारण सभाको अध्यंक्ष श्री राधेश्याम खड्काज्यूले शेयरधनी महानुभावहरुले रचनात्मक सुझाब र सल्लाह दीई कम्पनीलाई मार्गदर्शन दिनु भएकोमा धन्यवाद दिदै शेयरधनीहरुको सल्लाह र सुझाब अनुसार कम्पनीले आफ्नो कार्यमा क्रमशः सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई यस साधारण सभा सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुनः सबैलाई धन्यवाद दिदै सभा समापन भएको घोषणा गर्नुभयो।

..............................

राधेश्याम खड्का

अध्यक्ष